१/२०७४

वीरेन्द्रनगर नगरपालिका, सुर्खेत

# आर्थिक ऐन - २०७४

सभाबाट स्वीकृत मितिः २०७४।०४।०१

हस्ताक्षरः

मितिः २०७४।०४।०१

नामथरः देव कुमार सुवेदी

पदः नगर कार्यपालिका प्रमुख

पृष्ठ संख्याः ३४

वीरेन्द्रनगर नगरपालिका, सुर्खेत

# वीरेन्द्रनगर नगरपालिका सुर्खेतको आर्थिक ऐन, २०७४

## वीरेन्द्रनगर नगरपालिका सुर्खेतको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको विधेयक

**प्रस्तावनाः**

वीरेन्द्रनगर नगरपालिका सुर्खेतको आर्थिक वर्ष ०७४०७५ को अर्थ सम्बन्धी काम कारवाहीलाई नियमित गर्न स्थानीय कर तथा शुल्क संकलन गर्नेʻ छुट दिने तथा आय संकलनको प्रशासनिक व्यवस्था गर्न वाञ्छनीय भएकोलेʻ नेपालको संविधानको धारा २२८ को उपधारा .२॰ बमोजिम वीरेन्द्रनगर नगर सभाले यो ऐन बनाइ जारी गरिएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः**

.१॰ यस ऐनको नाम “वीरेन्द्रनगर नगरपालिका सुर्खेतको आर्थिक ऐनʻ २०७४” रहेको छ ।

.२॰ यो ऐन २०७४ साल श्रावण १ गतेदेखि वीरेन्द्रनगर नगरपालिका सुर्खेतमा लागू हुनेछ ।

२. **सम्पति करः** नगरपालिकाका क्षेत्रभित्र अनुसूचि .१॰ बमोजिम एकिकृत सम्पत्ति कर लगाइने र असूल उपर गरिनेछ ।

३. **भूमि कर .मालपोत॰:** नगरपालिका क्षेत्रभित्र अनुसूचि .२॰ बमोजिम भूमि कर .मालपोत॰ लगाइने र असूल उपर गरिनेछ ।

४. **घर वहाल करः** नगरपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले भवनʻ घरʻ पसलʻ ग्यारेजʻ गोदामʻ टहराʻ छप्परʻ जग्गा वा पोखरी पूरै आंशिक तवरले वहालमा दिएकोमा अनुसूचि .३॰ बमोजिम घर जग्गा वहाल कर लगाइने र असूल गरिनेछ ।

५. **व्यवसाय करः** नगरपालिका क्षेत्रभित्र व्यापारʻ व्यवसाय वा सेवामा पूँजीगत लगानी र आर्थिक कारोवारका आधारमा अनुसूचि .४॰ बमोजिम व्यवसाय कर लगाइने र असूल उपर गरिनेछ ।

६. **जडिबुटीʻ कवाडी र जीवजन्तु करः** नगरपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले ऊनʻ खोटोʻ जडिबुटीʻ वनकसʻ कवाडी माल र प्रचलित कानूनले निषेध गरिएको जीवजन्तु वाहेकका अन्य मृत वा मारिएका जीवजन्तुको हाडʻ सिङʻ प्वाँखʻ छाला जस्ता बस्तुको व्यवसायिक कारोवार गरेवापत अनुसूचि .५॰ बमोजिमको कर लगाइने र असूल उपर गरिनेछ ।

७. **सवारी साधन करः** नगरपालिका क्षेत्रभित्र दर्ता भएका सवारी साधनमा अनुसूचि .६॰ बमोजिम सवारी साधन कर लगाइने र असुल उपर गरिनेछ । तरʻ प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

८. **विज्ञापन करः** नगरपालिका क्षेत्रभित्र हुने विज्ञापनमा अनुसूचि .७० बमोजिम विज्ञापन कर लगाइने र असूल उपर गरिनेछ । तर' प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

९. **मनोरन्जन करः** नगरपालिका क्षेत्रभित्र हुने मनोरन्जन व्यवसाय सेवामा अनुसूचि .८० बमोजिम व्यवसाय कर लगाइने र असुल उपर गरिनेछ । तर' प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

१०. **बहाल बिटौरी शुल्कः** नगरपालिका क्षेत्रभित्र आफुले निर्माण' रेखदेख वा संचालन गरेका अनुसूचि .९० मा उल्लेख भए अनुसार हाट बजार वा पसलमा सोही अनुसूचिमा भएको व्यवस्था अनुसार बहाल बिटौरी शुल्क लगाइने र असूल उपर गरिनेछ ।

११. **पार्किङ शुल्कः** नगरपालिका क्षेत्रभित्र कुनै सवारी साधनलाई पार्किङ सुविधा उपलब्ध गराए वापत अनुसूचि .१०० बमोजिम पार्किङ शुल्क लगाइने र असूल उपर गरिनेछ।

१२. **ट्रेकिङ्ग' कोयोकिङ' क्यानोइङ्ग' बन्जी जम्पिङ्ग' जिपफ्लायर र र्या(फ्टीङ्ग शुल्कः** नगरपालिकाले आफ्नो क्षेत्रभित्र ट्रेकिङ्ग' कायोकिङ' क्यानोइङ्ग' बन्जी जम्पिङ्ग' जिपफ्लायर र र्या(फ्टीङ्ग सेवा वा व्यवसाय संचालन गरे वापत अनुसूचि .११० बमोजिमको शुल्क लगाइने र असूल उपर गरिनेछ ।

१३. **सेवा शुल्क' दस्तुरः** नगरपालिकाले निर्माण' संचालन वा व्यवस्थापन गरेका अनूसूचि .१२० मा उल्लिखित स्थानीय पूर्वाधार र उपलब्ध गराइएको सेवामा सेवाग्राहीबाट सोही अनुसूचिमा व्यवस्था भए अनुसार शुल्क लगाइने र असूल उपर गरिनेछ ।

१४. **पर्यटन शुल्कः** नगरपालिकाले आफ्नो क्षेत्रभित्र प्रवेश गर्ने पर्यटकहरुवाट अनुसूची (१३) मा उल्लिखित दरमा पर्यटन शुल्क लगाईने र असुल उपर गरिनेछ । तर' प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

१५. **कर छुटः**यस ऐन बमोजिम कर तिर्ने दायित्व भएका व्यक्ति वा संस्थाहरुलाई कुनै पनि किसिमको कर छुट दिईने छैन ।

१६. **कर तथा शुल्क संकलन सम्बन्धि कार्यविधिः** यो ऐनमा भएको व्यवस्था अनुसार कर तथा शुल्क संकलन सम्बन्धि कार्यविधि नगरपालिकाले तोके अनुसार हुने छ ।

१७. **दण्ड सजायः**

(१) नगरपालिकाले ठेकेको वा लगाएको कर , दस्तुर, शुल्क महशुल तथा असुल गर्न बाँकी अन्य कुनै रकम व्यक्तिले नबुजाएमा नगरपालिकाले देहाय बमोजिमको कारवाही गर्न सक्नेछ ।

क) यस ऐन बमोजिम उठाउन पाउने कर , दस्तुर, शुल्क तथा असुल गर्न बाँकी अन्य रकम कुनै व्यक्तिले नबुजाएमा त्यस्तो व्यक्तिको चल अचल सम्पत्तीको स्वामित्व हस्तान्तरण रोक्का गर्न सम्बन्धित निकायलाइ लेख्न , व्यापार व्यवसायमा सिलबन्दी तथा तालाबन्दी गर्न र निकासी पैठारी लगाएतका कारोबार रोक्का गर्न सक्नेछ ।

ख) नगरपालिकाले यस ऐन बमोजिम उठाउन पाउने रकम खण्ड (क) बमोजिम सम्बन्धित व्यक्तिको घर , जग्गा , कारोबार वा जायजेथा रोक्का गर्दापनि उठ्न नसकेमा नगरपालिकाले निजको घर, जग्गा, कारोबार वा अन्य कुनै जेथा भए सो लिलाम बिक्री गरि असुल गर्न सक्नेछ ।

ग) यस ऐन अन्तरगतको काम कारोबारको सिलसिलामा कुनै ठेकेदारले राखेको धरौटी वा जमानत सो कार्य गर्न नसकेको अवस्थामा नगरपालिकाले त्यस्तो धरौटी जफत गरि वा जमान लिलाम विक्रि गरि असुल उपर गर्ने ।

तर जफत वा लिलाम विक्रि गरि प्राप्त हुन अएको रकम त्यस्तो व्यक्तिले नगरपालिकालाइ बुजाउनुपर्ने रकम भन्दा बढि हुन आएमा बढि भएको रकम सम्बन्धित व्यक्तिलाइ फिर्ता दिनु पर्नेछ ।

**(२)** उपदफा १ को खण्ड ख वा ग बमोजिम नगरपालिकाले लिलाम विक्रि गर्दा प्रचलित कानुन बमोजिम गर्नुपर्नेछ ।

**(३)** यस ऐन बमोजिम तिर्नु बुजाउनुपर्ने कर दस्तुर शुल्क महशुल तथा असुल गर्न बाँकी अन्य कुनै रकम नबुजाएमा नगरपालिकाले उपलब्ध गराएको सेवा त्यस्तो व्यक्तिको हकमा बन्द गर्न सक्नेछ ।

# अनुसूची १ (क)

## एकीकृत सम्पत्तिकरको दर

| क्र.सं | मूल्यांकन रकम | | | | कर रकम |
|---|---|---|---|---|---|
| १ | १ | देखि | २ लाख ५० हजार | सम्म | २५।०० |
| २ | २ लाख ५० हजार १ | देखि | ५ लाख | सम्म | ५०।०० |
| ३ | ५ लाख १ | देखि | ७ लाख ५० हजार | सम्म | १२५।०० |
| ४ | ७ लाख ५० हजार १ | देखि | १० लाख | सम्म | २००।०० |
| ५ | १० लाख १ | देखि | १२ लाख ५० हजार | सम्म | २५०।०० |
| ६ | १२ लाख ५० हजार १ | देखि | १५ लाख | सम्म | ३००।०० |
| ७ | १५ लाख १ | देखि | १७ लाख ५० हजार | सम्म | ३५०।०० |
| ८ | १७ लाख ५० हजार १ | देखि | २० लाख | सम्म | ४००।०० |
| ९ | २० लाख १ | देखि | २२ लाख ५० हजार | सम्म | ५००।०० |
| १० | २२ लाख ५० हजार १ | देखि | २५ लाख | सम्म | ६७०।०० |
| ११ | २५ लाख १ | देखि | २७ लाख ५० हजार | सम्म | ८४०।०० |
| १२ | २७ लाख ५० हजार १ | देखि | ३० लाख | सम्म | १०००।०० |
| १३ | ३० लाख १ | देखि | ३५ लाख | सम्म | १२००।०० |
| १४ | ३५ लाख १ | देखि | ४० लाख | सम्म | १८००।०० |
| १५ | ४० लाख १ | देखि | ४५ लाख | सम्म | २४००।०० |
| १६ | ४५ लाख १ | देखि | ५० लाख | सम्म | ३०००।०० |
| १७ | ५० लाख १ | देखि | ६० लाख | सम्म | ३५००।०० |
| १८ | ६० लाख १ | देखि | ७० लाख | सम्म | ५१२५।०० |
| १९ | ७० लाख १ | देखि | ८० लाख | सम्म | ६७५०।०० |
| २० | ८० लाख १ | देखि | ९० लाख | सम्म | ८३७५।०० |
| २१ | ९० लाख १ | देखि | १ करोड | सम्म | १००००।०० |
| २२ | १ करोड १ | देखि | १ करोड २० लाख | सम्म | १२०००।०० |
| २३ | १ करोड २० लाख १ | देखि | १ करोड ४० लाख | सम्म | १४०००।०० |
| २४ | १ करोड ४० लाख १ | देखि | १ करोड ६० लाख | सम्म | १६०००।०० |
| २५ | १ करोड ६० लाख १ | देखि | १ करोड ८० लाख | सम्म | १८०००।०० |
| २६ | १ करोड ८० लाख १ | देखि | २ करोड | सम्म | २००००।०० |
| २७ | २ करोड १ | देखि | २ करोड ५० लाख | सम्म | २५०००।०० |
| २८ | २ करोड ५० लाख १ | देखि | ३ करोड | सम्म | ३२०००।०० |
| २९ | ३ करोड १ | देखि | ३ करोड ५० लाख | सम्म | ३९०००।०० |
| ३० | ३ करोड ५० लाख १ | देखि | ४ करोड | सम्म | ४६०००।०० |
| ३१ | ४ करोड १ | देखि | ४ करोड ५० लाख | सम्म | ५३०००।०० |
| ३२ | ४ करोड ५० लाख १ | देखि | ५ करोड | सम्म | ६००००।०० |
| ३३ | ५ करोड १ | देखि | माथिको मूल्यांकनमा | | प्रतिहजार रू २ थप |

# अनुसूची १ (ख)

## संरचनाको मुल्यांकन दर निर्धारण

| क्षेत्र | | संरचना प्रति वर्ग फिट रु. | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पक्का जोडाईमा ढलाई | | माटोको जोडाइमा ढलाई | | पक्का जोडाईमा जस्ता वा टायलको छाना | | माटोको जोडाई भै जस्ता वा टायल छाना | | सेड | |
| | | ब्यापारिक, औद्योगिक तथा संस्थागत | बसोवास | ब्यापारिक, औद्योगिक तथा संस्थागत | बसोवास | ब्यापारिक, औद्योगिक तथा संस्थागत | बसोवास | ब्यापारिक, औद्योगिक तथा संस्थागत | बसोवास | ब्यापारिक, औद्योगिक तथा संस्थागत | बसोवास |
| क | व्यापारिक क्षेत्र | ९००।०० | ८५०।०० | ८५०।०० | ८००।०० | ७५०।०० | ७००।०० | ६५०।०० | ६००।०० | २५०।०० | १५०।०० |
| ख | संस्थागत क्षेत्र | ८५०।०० | ८००।०० | ८००।०० | ७५०।०० | ७००।०० | ६५०।०० | ६००।०० | ५५०।०० | २००।०० | १२५।०० |
| ग | आवासीय क्षेत्र | ८००।०० | ७५०।०० | ७५०।०० | ७००।०० | ६५०।०० | ६००।०० | ५५०।०० | ५००।०० | १५०।०० | १२५।०० |
| घ | कृषि क्षेत्र | ७५०।०० | ७००।०० | ७००।०० | ६५०।०० | ६००।०० | ५५०।०० | ५००।०० | ४५०।०० | १५०।०० | १००।०० |
| ङ | वन तथा वगर क्षेत्र | ७००।०० | ६५०।०० | ६५०।०० | ६००।०० | ५५०।०० | ५००।०० | ४५०।०० | ४००।०० | १५०।०० | १००।०० |

ढुंगा वा इँटाको पर्खाल प्रति रनिडफिट रु. २५०।००

कच्ची घर एकमुष्ट रु १००००।०० (१०० वर्ग फिट सम्म)

## अनुसूची १ (ग)

संरचनाको ह्रास कट्टी दर

| संरचनाको किसिम → <br> संरचनाको आयु ↓ | पक्का जोडाईमा ढलाई Rcc framed | माटोको जोडाइमा ढलाई Load bearing | पक्का जोडाईमा जस्ता वा टायलको छाना | माटोको जोडाई भै जस्ता वा टायल छाना | सेड | ढुंगा वा इँटाको पर्खाल | कच्ची घर |
|---|---|---|---|---|---|---|---|
| १ - ५ वर्ष | १० | १२ | १५ | १८ | २० | २० | २० |
| ६ - १० वर्ष | २० | २४ | ३० | ३६ | ४० | ४० | ४० |
| ११ - १५ वर्ष | ३० | ३६ | ४५ | ५४ | ६० | ६० | ६० |
| १६ - २० वर्ष | ४० | ४८ | ६० | ७२ | ८० | ८० | ८० |
| २१ - २५ वर्ष | ५० | ६० | ७५ | ८० | ८० | ८० | ८० |
| २६ - ३० वर्ष | ६० | ७२ | ८० | ८० | ८० | ८० | ८० |
| ३१ - ३५ वर्ष | ७० | ८० | ८० | ८० | ८० | ८० | ८० |
| ३६ - ४० वर्ष | ८० | ८० | ८० | ८० | ८० | ८० | ८० |
| ४१ - ४५ वर्ष | ८० | ८० | ८० | ८० | ८० | ८० | ८० |
| ४६ - ५० वर्ष | ८० | ८० | ८० | ८० | ८० | ८० | ८० |

## **अनुसूची १ (घ)**

जग्गाको क्षेत्र विभाजन तथा मुल्याङकन दर

वडा नं. १

| क्र.सं. | क्षेत्र | स्थान | न्युनतम मूल्याङकन प्रति कठ्ठा | कैफियत |
|---|---|---|---|---|
| १ | आवासिय | रत्न राजमार्ग संग जोडिएका जग्गाहरु | रु.४००००० | |
| २ | आवासिय | पीच सडक संग जोडिएका जग्गाहरु | रु.२५०००० | |
| ३ | आवासिय | ग्राभेल सडकसंग जोडिएका जग्गाहरु | रु.२००००० | |
| ४ | आवासिय | कच्ची प्रस्तावित सडकसंग जौडिएका जग्गाहरु | रु.१५०००० | |
| ४ | कृषि | भित्री भागका जग्गाहरु | रु.१००००० | |
| ५ | वन बगर | | रु.८०००० | |

वडा नं २ हाल १

| | | | | |
|---|---|---|---|---|
| क्र.सं. | क्षेत्र | स्थान | न्युनतम मूल्याङकन प्रति कठ्ठा | कैफियत |
| १ | आवासिय | रत्न राजमार्ग संग जोडिएका जग्गाहरु | रु.५००००० | |
| २ | आवासिय | पीच सडक संग जोडिएका जग्गाहरु | रु.३००००० | |
| ३ | आवासिय | ग्राभेल सडकसंग जोडिएका जग्गाहरु | रु.२५०००० | |
| ४ | आवासिय | कच्ची प्रस्तावित सडकसंग जौडिएका जग्गाहरु | रु.२००००० | |
| ४ | कृषि | भित्री भागका जग्गाहरु | रु.१२०००० | |
| ५ | वन बगर | | रु.९०००० | |

वडा नं.३ हाल ४

| क्र.सं. | क्षेत्र | स्थान | न्युनतम मूल्याङकन प्रति कठ्ठा | कैफियत |
|---|---|---|---|---|
| १ | आवासिय | रत्न राजमार्ग संग जोडिएका जग्गाहरु | रु.६००००० | |
| २ | आवासिय | पीच सडक संग जोडिएका जग्गाहरु | रु.६००००० | |
| ३ | आवासिय | ग्राभेल सडकसंग जोडिएका जग्गाहरु | रु.३५०००० | |
| ४ | आवासिय | कच्ची प्रस्तावित सडकसंग जौडिएका जग्गाहरु | रु.२५०००० | |
| ४ | कृषि | भित्री भागका जग्गाहरु | रु.१३०००० | |
| ५ | वन बगर | | रु.१००००० | |

वडा नं.४

| क.सं. | क्षेत्र | स्थान | न्युनतम मूल्याङ्कन प्रति कठ्ठा | कैफियत |
|---|---|---|---|---|
| १ | आवासिय | रत्न राजमार्ग संग जोडिएका जग्गाहरु | रु.७०००० | |
| २ | आवासिय | पीच सडक संग जोडिएका जग्गाहरु | रु.७००००० | |
| ३ | आवासिय | ग्राभेल सडकसंग जोडिएका जग्गाहरु | रु.४००००० | |
| ४ | आवासिय | कच्ची प्रस्तावित सडकसंग जौडिएका जग्गाहरु | रु.३००००० | |
| ४ | कृषि | भित्री भागका जग्गाहरु | रु.१५०००० | |
| | वन बगर | | रु.१००००० | |

## वडा नं.५

| | | | | |
|---|---|---|---|---|
| १ | आवासिय | पीच सडक संग जोडिएका जग्गाहरु भ्टेनेरी खारखोली पूल सम्म | रु.१०००००० | |
| २ | आवासिय | पीच सडक संग जोडिएका जग्गाहरु | रु.५००००० | |
| ३ | आवासिय | ग्राभेल सडकसंग जोडिएका जग्गाहरु | रु.३००००० | |
| ४ | आवासिय | कच्ची प्रस्तावित सडकसंग जौडिएका जग्गाहरु | रु.२५०००० | |
| ४ | कृषि | भित्री भागका जग्गाहरु | रु.२००००० | |
| | वन बगर | सो क्षेत्रमा पर्नै जग्गाहरु | रु.१००००० | |
| | | | | |

वडा नं. ६

| | | | | |
|---|---|---|---|---|
| १ | व्यापारीक क्षेत्र | मूख्य पीच सडक संग जोडिएका जग्गाहरु | रु.२०००००० | |
| २ | व्यापारीक क्षेत्र | रत्नराज मार्ग संग जोडिएका जग्गाहरु | रु.२५००००० | |
| ३ | व्यापारीक क्षेत्र | अन्य पीच सडकसंग जोडिएका जग्गाहरु | रु.१५००००० | |
| ४ | व्यापारीक क्षेत्र | ग्राभेल सडक सडकसंग जौडिएका जग्गाहरु | रु.१०००००० | |
| ४ | व्यापारीक क्षेत्र | कच्ची सडकसंग जोडिएका जग्गाहरु | रु.६००००० | |
| | संस्थागत | पीच सडकसंग जोडिएका जग्गाहरु (गोदाम क्षेत्र) | रु१०००००० | |
| | संस्थागत | ग्राभेल सडकसंग जोडिएका जग्गाहरु (गोदाम क्षेत्र) | रु.५००००० | |
| | | भित्री भागका जग्गाहरु | रु.३५०००० | |
| | | खोर्के खोलाले छोएका जग्गाहरु | रु.३००००० | |
| | | | | |

वडा नं. ७

| | | | | |
|---|---|---|---|---|
| | | | | |
| १ | संस्थागत | पीच सडक संग जोडिएका जग्गाहरु | रु.६००००० | |

| | | | | |
|---|---|---|---|---|
| २ | संस्थागत | ग्राभेल सडक संग जोडिएका जग्गाहरु | रु.४00000 | |
| ३ | आवासिय | पीच सडकसंग जोडिएका जग्गाहरु | रु.५00000 | |
| ४ | आवासिय | ग्राभेल सडक सडकसंग जौडिएका जग्गाहरु | रु.४00000 | |
| ४ | आवासिय | कच्ची सडकसंग जोडिएका जग्गाहरु | रु.२00000 | |
| | कृषी | भित्री भागका जग्गाहरु | रु.१५0000 | |
| | वन बगर | कूलाघारी देखि उत्तरका जग्गाहरु | रु.१00000 | |
| | | | | |

वडा नं. ८ हाल ७

| | | | | |
|---|---|---|---|---|
| १ | संस्थागत | पीच सडक संग जोडिएका जग्गाहरु | रु.७00000 | |
| २ | संस्थागत | ग्राभेल सडक संग जोडिएका जग्गाहरु | रु.५00000 | |
| ३ | आवासिय | पीच सडकसंग जोडिएका जग्गाहरु | रु.६00000 | |
| ४ | आवासिय | ग्राभेल सडक सडकसंग जौडिएका जग्गाहरु | रु.४00000 | |
| ४ | आवासिय | कच्ची सडकसंग जोडिएका जग्गाहरु | रु.३00000 | |
| | कृषी | भित्री भागका जग्गाहरु | रु.१५0000 | |
| | वन बगर | सो क्षेत्रमा पर्ने जग्गाहरु र इत्राम खोला किनार | रु.१00000 | |
| | | | | |

वडा नं.९ हाल ८

| | | | | |
|---|---|---|---|---|
| १ | संस्थागत | पीच सडक संग जोडिएका जग्गाहरु | रु.८00000 | |
| २ | संस्थागत | रत्नराज मार्ग संग जोडिएका जग्गाहरु | रु.१000000 | |
| ३ | आवासिय | पीच सडकसंग जोडिएका जग्गाहरु | रु.८00000 | |
| ४ | आवासिय | ग्राभेल सडक सडकसंग जौडिएका जग्गाहरु | रु.६00000 | |
| | कृषी | भित्री भागका जग्गाहरु | रु.२00000 | |
| | | | | |

वडा नं.१० हाल ८

| | | | | |
|---|---|---|---|---|
| १ | आवासिय | रत्न राजमार्ग संग जोडिएका जग्गाहरु | रु.१000000 | |
| २ | आवासिय | पीच सडक संग जोडिएका जग्गाहरु | रु.८00000 | |
| ३ | आवासिय | ग्राभेल सडकसंग जोडिएका जग्गाहरु | रु.५00000 | |
| ४ | आवासिय | ग्राभेल सडक सडकसंग जौडिएका जग्गाहरु | रु.४00000 | |
| ४ | आवासिय | कच्ची सडकसंग जोडिएका जग्गाहरु | रु.३00000 | |
| | कृषी | भित्री भागका जग्गाहरु | रु.२00000 | |
| | वन बगर | सो क्षेत्रमा पर्ने जग्गाहरु र इत्राम खोला किनार | रु.११0000 | |
| | | | | |

वडा नं. ११ हाल १२

| | | | | |
|---|---|---|---|---|
| १ | संस्थागत क्षेत्र | पीच सडक संग जोडिएका जग्गाहरु | रु.५00000 | |
| २ | संस्थागत क्षेत्र | रत्न राजमार्ग संग जोडिएका जग्गाहरु | रु.७00000 | |
| ४ | संस्थागत क्षेत्र | ग्राभेल सडक सडकसंग जौडिएका जग्गाहरु | रु.४00000 | |

| | | | | |
|---|---|---|---|---|
| ४ | आवासिय | रत्न राजमार्ग संग जोडिएका जग्गाहरु | रु.७००००० | |
| | आवासिय | ग्राभेल सडक सडकसंग जौडिएका जग्गाहरु | रु.२५००००० | |
| | आवासिय | कच्ची सडकसंग जोडीएका जग्गाहरु | रु.१५००००० | |
| | कृषि क्षेत्र | भित्री भागमा भएका जग्गाहरु | रु.१२००००० | |
| | वन बगर क्षेत्र | सो क्षेत्रमा पर्ने जग्गाहरु इत्राम खोला किनार | रु.१०००००० | |
| | | | | |

वडा नं.१२

| | | | | |
|---|---|---|---|---|
| १ | आवासिय | पृतना सडक संग जोडिएका जग्गाहरु | रु.५०००००० | |
| २ | आवासिय | ग्राभेल सडक संग जोडिएका जग्गाहरु | रु.२५००००० | |
| ४ | आवासिय | कच्ची सडकसंग जोडिएका जग्गाहरु | रु.१५००००० | |
| | कृषी | भित्री भागका जग्गाहरु | रु.१०००००० | |
| | वन बगर | सो क्षेत्रमा पर्ने जग्गाहरु र इत्राम खोला किनार | रु.१०००००० | |
| ज | आवासिय | पन्चकोशि चौकदेखि समाज कल्याण हुंदै थारुगाउंसम्म (नयां नापी) बयलकांडा ४ घ का जग्गाहरु | ३००००० | |
| झ | कृषि | भित्री भागका जगाहरु | १४३००० | |

**वडा नं.२२ हाल १३**

| | | | | |
|---|---|---|---|---|
| १ | आवासिय | करेखालाका मूख्य सडक छूने जग्गाहरु | रु.१५००००० | |
| २ | | करेखालाका अन्य सहायक सडक छूने जग्गाहरु | रु.१०००००० | |
| ३ | | गूप्तीपूर देखि देविस्थान डांडासम्म को सडक छूने जग्गाहरु | रु.५०००००० | |
| ४ | | गूप्तीपूर क्षेत्रका अन्य सडक छूने जग्गाहरु | रु.२५००००० | |
| ५ | | भित्री भागका जग्गाहरु ( उपत्यका भित्र) | रु.१८००००० | |
| ६ | | भित्री भागका जग्गाहरु (उपत्यका बाहिर) | रु.४८००० | |
| ७ | | | | |

**वडा नं. २३ हाल १३**

| | | | | |
|---|---|---|---|---|
| १ | | | | |
| २ | कृषि | भित्री भागका जग्गाहरु प्रति कठ्ठा | रु.३५००० | |
| ३ | | | | |

**वडा नं. २४ हाल १३**

| | | | | |
|---|---|---|---|---|
| १ | कृषि | भित्री भागका जग्गाहरु प्रति कठ्ठा | रु.३०००० | |
| २ | कृषि | भित्री भागका जग्गाहरु प्रति आना | रु.२००० | |

**वडा नं.१४**

| क.सं. | क्षेत्र | स्थान | न्युनतम मुल्याङकन प्रति कठ्ठा | कैफियत |
|---|---|---|---|---|
| १ | आवासिय | गोठीकांडा छेडा देखि बाघखोर सम्मको सडकलाई छुने जग्गाहरु | रु.४००००० | |
| | कृषि,वन बगर | भित्री भागका जग्गाहरु ( गोठीकांडा बाघखोर सडक) आसपास क्षेत्र | रु.२००००० | |
| २ | आवासिय | गाठीकांडा क्षेत्रका सहायक (भित्री) सडकलाई छुने जग्गाहरु | रु.१००००० | |
| ३ | कृषि,वन बगर | भित्री भाग (दर्नाकोट क्षेत्र) | रु.२०००० | |
| ४ | कृषि,वन बगर | भित्री भाग (चन्दने क्षेत्र) | रु.३०००० | |
| ५ | कृषि,वन बगर | भित्री भाग (तल्लो रानीमत्ता क्षेत्र) | रु.३०००० | |
| ६ | कृषि,वन बगर | भित्री भाग (सोतखोला क्षेत्रं) | रु.५०००० | |
| ७ | कृषि,वन बगर | भित्री भाग (सालडांडा क्षेत्रं) | रु.३०००० | |
| ८ | कृषि,वन बगर | भित्री भाग (मेहेलपानी क्षेत्र) | रु.७५००० | |
| ९ | कृषि,वन बगर | भित्री भाग (थाली क्षेत्र) | रु.२५००० | |
| १० | कृषि,वन बगर | भित्री भाग (राम्रीकांडा क्षेत्र) | रु.२५००० | |
| ११ | कृषि,वन बगर | भित्री भाग (मैकल क्षेत्र) | रु.२०००० | |
| १२ | कृषि,वन बगर | भित्री भाग (राम्चे क्षेत्र) | रु.३५००० | |
| १३ | कृषि,वन बगर | भित्री भाग (बांसकोट क्षेत्र) | रु.३०००० | |
| १४ | कृषि,वन बगर | भित्री भाग (पाखापानी क्षेत्र) | रु.३०००० | |

## वडा नं. १५

| क.सं. | क्षेत्र | स्थान | न्युनतम मुल्याङकन दर प्रति आना | कैफियत |
|---|---|---|---|---|
| १ | आवासिय | रातानाङला धरमपोखरा सडक छुने जग्गाहरु | रु.३५०० | |
| २ | आवासिय | सडकले छुने जग्गाहरु | रु.२००० | |
| ३ | कृषि वन वगर | भित्री भागका जग्गाहरु | रु.१००० | |

## वडा नं. १६

| | | | | |
|---|---|---|---|---|
| १ | आवासिय | रातानाङला धरमपोखरा सडक छुने जग्गाहरु | रु.३५०० | |
| २ | आवासिय | सडकले छुने जग्गाहरु | रु.२००० | |
| ३ | कृषि वन वगर | भित्री भागका जग्गाहरु | रु.१००० | |

<u>**अनुसूची २**</u>

**मालपोत  वक्यौता दर रेट**

| **वडा नं.** | **साविक ठेगाना** | **प्रति कठ्ठा दर रु.** |
|---|---|---|
| साविक १, २, ३ ( हाल वडा नं.१ र ४) | | २५ |
| साविक ४, ५,  ६,७,८ ९, १० हाल वडा नं. ४,५,६,७ र ८) | कटकुवा १ क, २ क, गोठीकांडा ३, ६ क | ५० |
| साविक ११, १२, १३, १४, १५, १६ का अन्य क्षेत्र, १७ का अन्य क्षेत्र, १८ का अन्य क्षेत्र, १९, २०, २१,२५ (हाल वडा नं. २,३,९,१२१०) | | २५ |
| २२ ( हाल वडा नं १३) | | १५ |
| २३ ( हाल वडा नं १३) | | १० |
| २४ र शक्तिकांडा ( हाल वडा नं.१३ र ९का केहि भाग) | | ७ |
| वडा नं.१४ (हालको वडा) | साविक बमोजिम | अव्वल प्रति कठ्ठा रु.१३, दोयम प्रति कठ्ठा रु.११ र सिम,चाहार प्रति कठ्ठा रु.९ |
| वडा नं. १५ हालको वडा | साविक बमोजिम | अव्वल रु.१० प्रति रोपनी, दोयम रु.९,सिम रु.८ र चाहार रु.७ |
| वडा नं.१६ हालको वडा | साविक बमोजिम | रु.४ |

## <u>अनुसूची ३</u>

सम्बन्धीत बहाल धनीबाट वहाल रकमको २ प्रतिशत

<u>अनुसूची ४</u>

## आ.व. ०७४/०७५ को लागि स्वीकृत व्यवसाय करको दररेट

| संकेत | व्यवसायको विवरण | २०७४।०७५ का लागि स्वीकृत |
|---|---|---|
| १. | **मर्मत तथा संभार सेवा तर्फ** | |
| | चार पांग्रे गाडी मर्मत | १३२० |
| | मोटरसाइकल मर्मत | ६६० |
| | रेडियो,घडी, मोवाइल, तथा विभिन्न विद्युतीय उपकारण मर्मत | ५५० |
| | टायर, पञ्चर टाल्ने र टायरमा हावा भर्ने | ३६० |
| | सवारी डेन्ट, पेन्टगर्ने पसल | |
| | सवारी साधन धुने | ५०० |
| | सवारी साधनको सिट, हुटबनाउने पसल | १००० |
| | साइकल, कुकर,पंखा, छाता, स्टोभ आदिमर्मत | ३६० |
| २. | **स्वास्थ्य सेवातर्फ** | |
| | नर्सिङ् होम | ४५०० |
| | एक्सरे, ल्याव सुविधा सहित डाक्टरको सेवा भएको मेडिकल | १५०० |
| | एक्सरे, ल्याव सुविधा रहित डाक्टरको सेवा भएको मेडिकल पसल/औषधी थोक पसलमा | १००० |
| | दात उपचार केन्द्र | १००० |
| | डाक्टरको सेवा नभएको मेडिकल पसल | ६०० |
| | सर्जिकल सामान बेच्ने पसल | ५०० |
| | वैद्य खाना तथा अन्य क्लिनिक, ल्याव | ५०० |
| ३. | **शिक्षा सेवा तर्फ** | |
| | निजिस्तरबाट संचालीत चाइल्ड केयर तथा मोन्टेश्वरी | ५०० |
| | प्रा.वि. तहका निजी विद्यालय | ५०० |
| | नि.मा.वि. तहका निजी विद्यालय | ८०० |
| | मा.वि.तहका निजी विद्यालय | १००० |
| | उच्च मा.वि. तहका निजी विद्यालय | १००० |
| | निजि स्तरका क्याम्पसहरु | १००० |
| | तालीम तथा अनुसन्धान केन्द्र | १५०० |
| | टाइपिङ् , कम्प्युटर तथा भाषा प्रशिक्षण केन्द्र | १५०० |
| | अन्तराष्ट्रि[illegible] गैर सरकारी संस्था | ४००० |
| ४. | **सञ्चार सेवा तर्फ** | |

| संकेत | व्यवसायको विवरण | २०७४।०७५ का लागि स्वीकृत |
|---|---|---|
| | साइवर तथा इमेल, इन्टरनेट, रेडियो पेजिङ् आदिमा | १००० |
| | फोन, फ्याक्स, फोटोकपि | ४०० |
| | रिचार्ज कार्डको डिलर | १००० |
| | कुरियर सेवा | ५०० |
| | एफ.एम. रेडियो | १००० |
| | नेपाल टेलिकम बाहेकका टेलिफोन सेवा सञ्चालक | ४००० |
| | केवल नेटवर्क प्रति ग्राहक | २०००० |
| ५. | **छपाइ तथा प्रकाशन** | |
| | अफसेट प्रेस | २००० |
| | साधारण प्रेस | १००० |
| ६. | **वित्तीय सेवा तर्फ** | |
| | नेपाल सरकारको पुर्ण स्वामित्व रहेको बाहेक केन्द्रिय स्तरका वाणिज्य बैंकहरु | १२००० |
| | विकास वैंकहरु मुख्य कार्यालय | ८००० |
| | आर्थिक कारोवार समेत गर्ने वित्तीय कम्पनीको मुख्य कार्यालय | ७००० |
| | वित्तीय कम्पनीको शाखा कार्यालय | २००० |
| | सहकारी बैंक र बचत तथाऋण सहकारी (क श्रेणी : २ करोड भन्दा बढी कारोवार हुने) | १५०० |
| | आर्थिक कारोवार गर्ने सहकारी संस्थाहंरु (ख श्रेणी : २ करोड भन्दा कम कारोवार हुने ) | १००० |
| | अन्य कारोवार गर्ने सहकारी संस्थाहंरु | १००० |
| | विदेशी मुद्रा सटर्ही | १००० |
| | वीमा कम्पनीहरु | ६००० |
| | मनी टान्सफर क श्रेणी | १२०० |
| | मनी टान्सफर ख श्रेणी | ६०० |
| ७. | **होटल, लज तथा रेष्टुरन्ट /बार (पर्यटन उद्योग )** | |
| | जिल्लामा उच्च स्तरको लजिङ, फुडिङको सुविधा भएको होटल | ५००० |
| | जिल्लामा मध्यम स्तरको लजिङ, फुडिङको सुविधा भएको होटल | ३००० |
| | जिल्लामा सामान्य लजिङ, फुडिङको सुविधा भएको | १५०० |
| | लज मात्र भएको | १५०० |
| | राम्रो खालको रेष्टुरन्ट /बार | २५०० |
| | सामान्य खालको रेष्टुरन्ट/बार | १००० |
| | सामान्य खालको होटल | ८०० |
| | ट्राभल्स एंव टुरीजम | १००० |
| | प्याराग्लाइडिङ | २००० |
| ८. | **चिया नास्ता तथा चाट पसल** | |
| | मिष्ठान्न भण्डार सहितको चिया नास्ता पसल | ६०० |
| | मिष्ठान्न भण्डार रहितको चिया नास्ता पसल | ५०० |

| संकेत | व्यवसायको विवरण | २०७४।०७५ का लागि स्वीकृत |
|---|---|---|
| | ग्रामीण क्षेत्रको चियानास्तापसल | ३०० |
| | चाट पसल | ३०० |
| ९. | **सुन चांदी पसल** | |
| | थोक रुपमा तथा मेसिनद्वारा गहन बनाई बिक्री गर्ने पसल | ३००० |
| | साना तथा हातले गहना बनाई बिक्री गर्ने पसल | १००० |
| | गहना बनाउने तथा मर्मत गर्ने  पसल | ५०० |
| १०. | **मदिरा पसल** | |
| | थोक बिक्री पसल | ३००० |
| | मध्यम खालको पसल | १८७५ |
| | खुद्रा विक्री पसल | १५०० |
| ११. | **मासु पसल** | |
| | एकभन्दा बढी आइटम राखी मासु बेच्ने पसल | ६०० |
| | रांगा, खसी र वंगुरमध्य कुनै एकको मात्र मासु बेच्ने पसल | ५०० |
| | माछा, कुखुरा,हांस तथा अन्य पंक्षीको मासु बेच्ने पसल | ४०० |
| १२. | **मेटल वर्कसप** | |
| | क श्रेणी ( ग्रील सटर निर्माण समेत) | १२०० |
| | ख श्रेणी ( सामान्य ग्रील मर्मत ) | ६०० |
| १३. | **स्टील , काठ फर्निचर,कार्पेट विक्रेता** | |
| | क श्रेणी | १५०० |
| | ख श्रेणी | १००० |
| १४. | **वेकरी उद्योग र वेकरी पसल** | |
| | उद्योगलाई | १४०० |
| | पसललाई | १००० |
| | दुवै गर्नेलाई | १८०० |
| १५. | **तरकारी र फलफुल पसल** | |
| | थोक पसल | १२०० |
| | खुद्रा पसल | ५०० |
| | डोके पसल | |
| १६. | **मिलहरु : प्रति हर्स पावर** | ५० |
| १७. | **किराना तथा खाद्य पसल** | |
| | जिल्लामा उच्च स्तरको किराना तथा खाद्य पसल (थोक सहितको किराना तथा खाद्य पसल ) | २००० |
| | जिल्लामा मध्यम स्तरको किराना तथा खाद्य पसल ( बिक्री कक्षको अतिरिक्त गोदाम समेत राखेको किराना तथा खाद्य पसल ) | १५०० |
| | जिल्लामा सामान्य  स्तरको किराना तथा खाद्य पसल ( सामान्य बिक्री कक्षमात्र भएको किराना तथा खाद्य पसल ) | ८०० |
| | जिल्लामा निम्न  स्तरको किराना तथा खाद्य पसल ( सानो बिक्री कक्षमात्र भएको किराना तथा खाद्य पसल ) | ४०० |
| | दैनिक उपभोगका खाद्य पदार्थ | ५०० |
| | सामान्य घुम्ती पसल | ३६० |

| संकेत | व्यवसायको विवरण | २०७४।०७५ का लागि स्वीकृत |
| --- | --- | --- |
| १८. | **कांचो कपडा , रेडिमेड फेन्सी तथा जुत्ता, चप्पल पसल र टेन्ट हाउस** | |
| | जिल्लामा उच्च स्तरको पसल ( गोदाम समेत राखेको थोक पसल ) | २५०० |
| | जिल्लामा मध्यम स्तरको पसल ( बिक्री कक्षको अतिरिक्त गोदाम समेत राखेको पसल ) | २००० |
| | जिल्लामा सामान्य स्तरको पसल (सामान्य बिक्री कक्षमात्र भएको पसल) | १५०० |
| | जिल्लामा सामान्य स्तरको पसल (सामान्य बिक्री कक्षमात्र भएको पसल) ख वर्ग | १००० |
| | जिल्लामा निम्न स्तरको पसल (सानो बिक्री कक्षमात्र भएको पसल ) | ८०० |
| | उन तथा उनको कपडाको थोक विक्रेता | १००० |
| | उन तथा उनको कपडाको फुटकर विक्रेता | ५०० |
| | सामान्य घुम्ती पसल | ५०० |
| १९. | **टेन्ट हाउस** | |
| | टेन्ट हाउस उच्च स्तरको | १००० |
| | टेन्ट हाउस सामान्य स्तरको | ७०० |
| २० | **प्लाष्टिकजन्य पसल** | |
| | थोक पसल | १००० |
| | खुद्रा पसल | ८०० |
| २१. | **कम्प्युटर, मोवाइल, टि.भी. , रेडियो , घडीतथाअन्यविद्युतीय सामान बेच्ने पसल/इलेक्ट्रोनिक्स पसल** | |
| | जिल्लामा उच्च स्तरको पसल -कम्प्युटर, टि.भी. आदिको डिलर तथा ठुलो/होलसेल पसल | ३००० |
| | जिल्लामा मध्यम स्तरको पसल ( कम्प्युटर, टि.भी. आदिमध्य कुनै एकको डिलर भएता पनि सानो पसल ) | २००० |
| | जिल्लामा सामान्य किसीमको पसल | १००० |
| | रेडियो, घडीमात्र राखेको सामान्यपसल | ५०० |
| २२. | ***सवारी साधन विक्रीमा*** | |
| | चार पांग्रे गाडी सो रुम तथा बिक्रीमा | ६००० |
| | मोटरसाइकल सो रुम तथा बिक्रीमा | ४००० |
| | साइकल सो रुम तथा बिक्रीमा | १००० |
| | ऋटोमोवाइल्सका पार्टपूर्जामात्र बेच्ने पसल | ३५००।०० |
| २३. | **अडियो, भिडियो क्यासेट बिक्री तथा मर्मत** | |
| | क श्रेणीमा पर्ने | ८०० |
| | ख श्रेणीमा पर्ने | ५०० |
| २४. | **भांडापसल** | |
| | क श्रेणीमा पर्ने ( सजावत तथा उपहारका सामान समेत राखेको ) | १५०० |
| | ख श्रेणीमा पर्ने | १२०० |
| | सामान्य पसल | ८०० |
| २५. | **कुखुरा पालन व्यवसाय** | |
| | १००० भन्दा बढी कुखुरा पाल्ने पसल | १००० |

| संकेत | व्यवसायको विवरण | २०७४।०७५ का लागि स्वीकृत |
|---|---|---|
| | ५०० देखि १००० सम्म कुखुरा पाल्ने पसल | ७००० |
| | ५०० भन्दा कम कुखुरा पाल्ने पसल | ५०० |
| २६. | **स्टेशनरी तथा पुस्तक पसल** | |
| | स्टेशनरी सामान , पुस्तक तथा पत्रपत्रिकाको थोक सहितको पसल | २००० |
| | स्टेशनरी सामान , पुस्तक तथा पत्रपत्रिकाको खुद्रा पसल | १५०० |
| | टेशनरी सामान , पुस्तक तथा पत्रपत्रिकाको खुद्रा पसल ख वर्ग | १००० |
| | स्टशनरी मात्र वा पुस्तक मात्र विक्री गर्ने पसल | ८०० |
| २७. | **निर्माण सामाग्री ,ह्यर्डवेयर , शिसा तथा विद्युत सामाग्री पसल** | |
| | जिल्लामा उच्च स्तरको पसल | २५०० |
| | जिल्लामा मध्यम स्तरको पसल | २००० |
| | जिल्लामा मध्यम स्तरको पसल | १२५० |
| | जिल्लामा सामान्य स्तरको पसल | १००० |
| २८. | **फोटो स्टुडियो** | |
| | जिल्लामा उच्च स्तरको पसल ( कलर ल्याव समेत भएको ) | १५०० |
| | जिल्लामा मध्यम स्तरको पसल | १००० |
| | जिल्लामा सामान्य स्तरको पसल | ८०० |
| २९. | **सैलुन तथा ब्युटी पार्लर पसल** | |
| | जिल्लामा राम्रो स्तरको पसल (४ सिट भन्दा बढी ) | ७०० |
| | जिल्लामा सामान्य स्तरको पसल (४ सिट भन्दा कम ) | ४०० |
| ३०. | **टेलर** | |
| | क श्रेणीको पसल ( ४ भन्दा बढी मेसिन राखेको पसल ) | १००० |
| | ख श्रेणीको पसल ( २ देखि ४ सम्म मेसिन राखेको पसल ) | ७०० |
| | ग श्रेणीको पसल( २ भन्दा कम मेसिन राखेको पसल ) | ५०० |
| ३१. | **एग्रोभेट पसल** | |
| | क श्रेणीको ( थोक पसल ) | ८०० |
| | ख श्रेणीको ( खुद्रा पसल ) | ५०० |
| ३२. | **स्नुकर र पुल हाउस** | |
| | स्नुकर | १५०० |
| | पुलहाउस | १००० |
| ३४. | **डिलर** | |
| | मदिरा, वियर जस्ता मादक पदार्थमा | ४००० |
| | चुरोट,विडी जस्ता ध्रुम्रपानमा | ४००० |
| | पेटोल मम्पमा | ४००० |
| | अन्यडिलरमा | २००० |
| ३५. | **विशेषज्ञ , परामर्श तथा अन्य व्यवसायिक सेवा** | |
| | चिकित्सक | ७५० |
| | कविराज | ५०० |
| | ईन्जीनियर | ७५० |
| | ***निर्माण सेवा :*** | |

| संकेत | व्यवसायको विवरण | २०७४।०७५ का लागि स्वीकृत |
|---|---|---|
| | नेपाल सरकारबाट इजाजत प्राप्त क वर्गको ठेकेदार | ५००० |
| | नेपाल सरकारबाट इजाजत प्राप्त ख वर्गको ठेकेदार | २००० |
| | नेपाल सरकारबाट इजाजत प्राप्त गवर्गको ठेकेदार | १५०० |
| | नेपाल सरकारबाट इजाजत प्राप्त घ वर्गको ठेकेदार | १००० |
| | कानुन व्यवसायी : वरिष्ठ अधिवक्ता र अधिवक्ता | ५०० |
| | अभिकर्ता | ४०० |
| | लेखनदास | ३६० |
| | लेखा परीक्षक : क श्रेणी र ख श्रेणी | १००० |
| | ग श्रेणी | ५०० |
| | घ श्रेणी | ४०० |
| | दन्त चिकित्सक | ५०० |
| | अनुसन्धानकर्ता तथा परामर्शदाता | १००० |
| | कम्प्युटर एनालिष्ट तथा प्रोग्रामर | १००० |
| | वीमा एजेन्ट | ४०० |
| | सर्भेयर | ४०० |
| | अनुवादक | ४०० |
| | पशु चिकित्सक | ५०० |
| | सामान ढुवानीकर्ता तथा कम्पनी | १००० |
| | नापी व्यवसाय | ५०० |
| | विज्ञापन एजेन्ट | ५०० |
| | वैदेशिक रोजगार एजेन्ट | २००० |
| | स्वदेशी रोजगार एजेन्ट | १००० |
| | सेक्रेटरियल सेवा | १००० |
| | एयरलाइन्स र कार्गो सेवा | ३००० |
| | हाउजिं कम्पनी तथा घर जग्गा खरिद बिक्री - रियल स्टेट ) | २००० |
| | सटिङ्ग सामानहरु | १००० |
| | कवाडि सामान संकलन तथा विक्री | ५०० |
| | डाई क्लिनर्स | ३६० |
| | साइन वोर्ड बनाउने पेन्टिङ् सेवा | ३६० |
| | फूल र विरुवा बिक्रेता | ३६० |
| | सिसा, प्लाइउड विक्रेता | ३६० |
| | खेलौना , उपहार ( गिफट ) विक्रेता | ३६० |
| ३६. | **चुरा पोते पसल** | |
| | क श्रेणी | ७०० |
| | ख श्रेणी | ४०० |
| ३७. | **चस्मा पसल** | |
| | चिकित्सक सेवा सहितको | ५०० |
| | चिकित्सक सेवा रहितको | ३६० |
| ३८. | **मसाज पार्लर** | १५०० |
| ३९. | **औद्योगिक कारखाना तथा उद्योगहरुमा** | |

| संकेत | व्यवसायको विवरण | २०७४।०७५ का लागि स्वीकृत |
|---|---|---|
| | चमल, दाल, पिठो , तेल उत्पादा गर्ने र गल्ला खरिद सहित ठुलो उद्योगबाट | ४००० |
| | चमल, दाल, पिठो , तेल उत्पादा गर्ने मिनी प्लान्टमा | ३००० |
| | सामान्य पसल | ८०० |
| | डेरी ठुलो पसल | १००० |
| | काठ चिरान मिलमा | ३००० |
| | फर्निचर, काठ चिरान मिलमा | ३००० |
| | सिमेन्ट, रोडी , बालुवा प्रयोग गरी ह्युम पाइप , पिलर रिङ्ग, ब्लक, गमाला बनाउनेबाट क श्रेणि | २००० |
| | सिमेन्ट, रोडी , बालुवा प्रयोग गरी ह्युम पाइप , पिलर आदि बनाउने पसलबाट ख श्रेणि | १५०० |
| | सिमेन्ट, रोडी , बालुवा प्रयोग गरी ह्युम पाइप , पिलर आदि बनाउने पसलबाट ग श्रेणि | १००० |
| | क्रसर उद्योग | ३००० |
| | प्लाइउडको कच्चा पदार्थ उत्पादन गर्ने उद्योगबाट | २००० |
| | पाउरोटी सर्वत बनाउने उद्योगबाट | ५०० |
| | विना चिम्नीका इट्टा भट्टा उद्योगबाट | २००० |
| | चिम्नी भएको इट्टा भट्टा उद्योगबाट | २२०० |
| | मैन वत्ती उत्पादन उद्योगबाट | ३६० |
| | सावुन सोडा उत्पादन उद्योगबाट | ३६० |
| | चउमिन उत्पादन उद्योगबाट | ३६० |
| | काठको गिलास ठेकी उत्पादन उद्योगबाट | ५०० |
| | पुरानो कपडा पेलेर कपास बनाउने उद्योग | १००० |
| | सटर ग्रील उद्योगबाट | २००० |
| | ग्यांस डिलर | २००० |
| | सोलार व्यवसाय | २००० |
| | जडिवुटी बिक्रि तथा प्रसोधन | १००० |
| ४०. | साउण्ड सिस्टम भाडामा तथा बिक्री | १००० |
| ४१. | डिपार्ट मेन्टल सुपर मार्केटमा | १५०० |
| ४२. | खसी बोका बिक्री केन्द्रमा | ५०० |
| | मुभि हाउस | ७०० |

# अनुसूची ५

## जडिबुटी, कवाडी र जीवजन्तु कर दस्तुर सम्बन्धी विवरण

| सि.नं. | विवरण | इकाई | दर रु. |
|---|---|---|---|
| १ | उन, प्राकृतिक कृत्रिमजगर | प्रति के.जी. | -।०५ (पाँच पैसा) |
| २ | खोटो | प्रति के.जी | -।५० (पचास पैसा) |
| ३ | वनकस, बावियो, मलहनपत्ता, छ्वाली, पराल, वगास, निगालो, लोक्ता, पटेर, कुच्चो | प्रति गाडी | ७५।- (पचहत्तर रुपैया) |
| ४ | सिसौं, साल | प्रति ट्रक | ३००।- (तीन सय ) |
| ५ | अन्य काठ | ,, | २००।- (दुई सय) |
| ६ | ढुंगा, गिट्टी, वालुवा, ग्राभेल, रोडा | प्रति क्यू.फि. | १।९० (एक रुपैया नब्बे पैसा) |
| ७ | स्लेट, विछ्याउने ढुंगा | प्रति व. फि. | १।- (एक रुपैया) |
| ८ | इट्टा | प्रति हजार | २५।- (पच्चिस रुपैया) |
| ९ | सिमेन्ट | प्रति वोरा | १।- (एक रुपैया) |
| १० | सुर्तिको डण्ठल | प्रति के.जी. | -।१५ (पन्ध्र पैसा) |
| ११ | सालको वियाँ | प्रति के.जी. | -।५० (पचास पैसा) |
| १२ | सल्लाको सिम्टा | प्रति के.जी. | -।१५ (पन्ध्र पैसा) |
| १३ | चिउरीको विजुला तथा अन्य वनस्पतिको विउ, विजुला | प्रति के.जी. | -।५० (पचास पैसा) |
| १४ | पत्थर कोइला | प्रति के.जी. | -।०५ (पाँच पैसा) |
| १५ | मिनरल वाटर वोतल | प्रति गोटा | -।१५ (पन्ध्र पैसा) |
| १६ | खाली सिसी वियरको | प्रतिगोटा | १।- (एक रुपैया) |
| १७ | खाली सिसी ५०० एम.एल भन्दा तलको (मदिराको) | प्रतिगोटा | -।१५ (पन्ध्र पैसा) |
| १८ | खाली सिसी मदिरा र अन्य ५०० एम.एल भन्दा माथीको ( मदिराको) | प्रति गोटा | -।४० (चालिस पैसा) |
| १९ | प्लाष्टिकका बोतल, भाँडाकुँडा, जुत्ता, चप्पल, जर्किन आदि | प्रति के.जी. | -।५० (पचास पैसा) |
| २० | खाली बोरा जुट/ प्लाष्टिकको ५० के.जी. खाद्यान्न अट्ने | प्रतिगोटा | -।२५ (पच्चीस पैसा) |
| २१ | खाली बोरा जुटको १०० के.जी. खाद्यान्न अट्ने | प्रतिगोटा | -।५० (पचास पैसा) |
| २२ | तेलको खाली टिन १० लि. भन्दा वढी अट्ने ठूलो | प्रति गोटा | २।- (दुई रुपैया) |
| २३ | तेलको खाली टिन १० लि. भन्दा कम अट्ने सानो | प्रतिगोटा | १।- (एक रुपैया) |
| २४ | झिण्डु प्राकृति/कृतिम उनको टुक्रा | प्रति के.जी. | -।५० (पचास पैसा) |
| २५ | गार्मेन्टको कपडा टुक्रा | प्रति के.जी. | १।- (एक रुपैया) |
| २६ | जलेको मोविल | प्रति लिटर | १।- (एक रुपैया) |
| २७ | जुट र प्लाष्टिक पुन प्रयोग हुन नसक्ने वोराहरु | प्रति के.जी | -।१५ (पन्ध्र पैसा) |
| २८ | कार्पेटका टुक्राहरु | प्रति के.जी. | १।५० (एक रुपैया पैसा पचास) |
| २९ | टायर ट्यूव | प्रति के.जी. | १।५० (एक रुपैया पैसा पचास) |
| ३० | थोत्रो टिन | प्रति के.जी. | -।५० (पैसा पचास) |
| ३१ | पुराना ड्राम | प्रति के.जी. | -।५० (पैसा पचास) |
| **३२** | **पुरानो कागज** | | |
| क) | अखवार (न्यूज प्रिन्ट) | प्रति के.जी. | -।५० (पैसा पचास ) |
| ख) | अन्य कागज (कार्टुन समेत) | प्रति के.जी. | १।- (एक रुपैया) |
| **३३** | धातुका टुक्रा र पत्रु भई काम नलाग्ने भएका धातु सामान | | |
| क) | फलाम | प्रति के.जी | १।५० (एक रुपैया पचास पैसा) |
| ख) | अन्य धातु (पित्तल, तामा, आदि) | प्रति के.जी. | २।- (दुई रुपैया) |
| ग) | थोत्रिएर काम नलाग्ने मेशीनरी औजार र अन्य भाँडाकुँडाहरु | प्रति के.जी. | १।५० (एक रुपैया पचास पैसा) |
| ३४ | पोलिथिन पाईपका टुक्राहरु | प्रति के.जी. | १।- (एक रुपैयां) |
| ३५ | सिसा (लिड) को धुलो वा टुक्रा | प्रति के.जी. | ३।- (तीन रुपैयां) |
| ३६ | काँचको धुलो वा टुक्रा | प्रति के.जी. | १।- (एक रुपैयां) |

| ३७. प्रचलितकानूनले निषेध गरे वाहेकका मरेकावामारिएकापशु जन्य वस्तुहरुमा देहायवमोजिम करको दररेट | | | |
|---|---|---|---|
| क | हाड | प्रति के.जी. | १।- (एक रुपैया) |
| ख | सिङ | प्रति के.जी. | २।- (दुई रुपैया) |
| ग | खुर | प्रति के.जी. | १।५० (एक रुपैया पचास पैसा) |
| घ | छाला ठूलो | प्रतिगोटा | ३०।- (तीस रुपैया) |
| ङ | छाला सानो | प्रतिगोटा | १५।- (पन्ध्र रुपैया) |
| ३९ | भट्टामा प्रयोग गरिने माटो | प्रति ट्रिप | २५।- (पच्चिस रुपैया) |
| ४० | बाँस | प्रति घना | -।३० (तीस पैसा) |
| ४१ | प्रचलितकानूनले निषेध गरेवाहेककाहाँस, कुखुरा, आदीकाप्वाँख | प्रति के.जी. | १।- (एक रुपैया) |

## अनुसूची ६

## सवारी साधन कर

| **सवारी साधनको किसिम** | बार्षिक दर रू. |
|---|---|
| बस, टक,लरी र अन्य हेभी गाडीमा | १००० |
| भाडाकाकार, जीपमा | २०० |
| भाडाको टेम्पोमा | १०० |
| भाडाको मिनिवस तथामाइक्रो बसमा | ५०० |
| निजी कार, टेम्पो तथा मिनिवसमा | १०० |
| स्कुटर, मोटरसाइकल तथा अन्य सवारी साधनमा | ५० |
| ठेलागाडातथा रिक्सामा | १५ |

## अनुसूची ७

# विज्ञापन कर

| | | |
|---|---|---|
| १ | विज्ञापन सामग्री २५व.फि. सम्म | रु १२०० |
| २ | विज्ञापन सामग्री २५व.फि. भन्दा बढी प्रति व.फि. | रु ५० |
| ३ | साना किसिमका प्रचारका बोर्ड ४ व.फि. सम्म | रु.४०० |
| ४ | ब्यानर सार्वजनिक स्थानमा प्रतिमिटर ७ दिन सम्मको लागि | रु.८।०० |
| ५ | ब्यानर सार्वजनिक स्थानमा प्रतिमिटर ७ दिन भन्दा बढी | रु.६।०० |
| ६ | १ मिटर र १ व.फि सम्मको विज्ञापनको | रु.२ |

## अनुसूची ८

## मनोरन्जन करको दर

१.सिनेमा हल, भिडियो हल, साँस्कृतिक प्रदर्शन हल, थियटर , संगित मनोरन्जन प्रदर्शन स्थल, ऐतिहासिक स्थल, पुरतात्विक स्थल एंव धामिक महत्वका सम्पदाहरूको प्रवेश शुल्कमा दुई देखी पाँच प्रतिशत सम्म ।

तर ऐतिहासिक स्थल, पुरातात्विक स्थल र धार्मिक महत्वका सम्पदामा प्रवेश गर्दा नेपाली नागरिकलाई यस प्रकरण बमोजिम शुल्क लिन पाईने छैन ।

२. जादु, सर्कस, चटक आदिमा प्रतिदिन दुई सय रूपैया देखी पाँच सय रूपैयासम्म ।

## अनुसुची -९

## विटौरी करको दर

| संकेत | व्यवसायको विवरण | स्थानीय स्वायत्त शासन नियमावलीमा भएको दरको रेन्ज | २०७४।०७५ का लागि स्वीकृत |
|---|---|---|---|
| ४४. | *वहाल विटौरी कर ( प्रति वर्ग फुट)* | *रु १ – रु १०* | |
| | क वर्ग (वसपार्क पश्चिम पट्टी ) | | ४ |
| | ख वर्ग (वसपार्क पूर्व पट्टी ) | | ४ |
| | हटिया क्षेत्र तर्फ | | ४ |
| | घण्टाघर लाइन | | ४ |
| | गोठिकांडा छेडा क्षेत्र | | रु १ |

## अनुसुची - १०

## पार्किङ्ग शुल्कको दर

नगर क्षेत्रमा पार्किङ्ग शुल्कको दर नगर कार्यपालिकाले तोके बमोजिम हुनेछ ।

## <u>अनुसुची -११</u>

### <u>ट्रेकिङ्ग, कोयोकिड, क्यानोइङ्ग, बन्जी जम्पिङ्ग, जिपफ्लायर र ऱ्याफ्टिङ्ग शुल्क</u>

नगर क्षेत्रमा उल्लेखित व्यवसायहरुको शुल्कको दर नगर कार्यपालिकाले तोके बमोजिम हुनेछ ।

## अनुसुची - १२

## सेवा शुल्क तथा दस्तुर

| क्र. सं. | विवरण | आ.व.२०७४।०७५का लागि स्वीकृत दर |
|---|---|---|
| १ | निवेदन दस्तुर | २५ |
| २ | नागरिकता सिफारिस | ५० |
| ३ | अंगिकृत नागरिकता सिफारिस | १०० |
| ४ | नगरिकता फराम | २० |
| ५ | सामान्य सिफारिस दस्तुर | १२० |
| ६ | नाम, थर संशोधनसिफारिस | १२० |
| ७ | प्रतिलिपि दस्तुर ( A4 वा सो भन्दा सानो साइजमा ) | २५ |
| ८ | प्रतिलिपि दस्तुर ( A4 भन्दाठुलो साइजमा जस्तैः गुरुयोजना नक्सा ) | १५० |
| ९ | न.पा.बाट दिइने सुचना प्रतिपेज | १० |
| १० | राहदानी (परिचय पत्रमा) मा सिफारिस | २५० |
| ११ | खानेपानी,विद्युत ,टेलिफोन जडान र नामसारी (आवासीय) | २५० |
| | खानेपानी,विद्युत ,टेलिफोन जडान र मरुवा (आवासीय) | १५० |
| १२ | खानेपानी,विद्युत ,टेलिफोन जडान र नामसारी (व्यवसायिक ) | ५०० |
| १३ | चार किल्ला प्रमाणित सिफारिस : पहिलो १ कठ्ठाको लागि | २०० |
| १४ | चार किल्ला प्रमाणित सिफारिस : १ कठ्ठा पछि थप प्रति कठ्ठाको | २५ |
| १५ | टेस्र नक्सा निर्माण तथा प्रमाणित : पहिलो १ कित्ता माग भएमा | २०० |
| | बाटो प्रमाणित | २०० |
| १६ | टेस्र नक्सा प्रमाणित मात्र : पहिलो १ कित्ता माग भएमा | १५० |
| १७ | टेस्र नक्सा १ कित्ता भन्दा बढी माग भएमा थप प्रतिकित्ता | २५ |
| १८ | कम्प्युटर अंग्रेजी टाइप सिफारिस | ३५० |
| १९ | पेन्सनपट्टा सिफारिस ( स्वदेशी संस्थामा ) | १५० |
| २० | पेन्सनपट्टा सिफारिस (विदेशी संस्थामा) | ३०० |
| २१ | नाता प्रमाणित | १५० |
| २२ | नाता प्रमाणित सर्जमिन मुचुल्का दस्तुर | १०० |
| २३ | औद्योगिक प्रयोजनको लागि (ठुलो) सर्जमिन दस्तुर ( घरेलु कार्यालयलाई सिफारिस गर्दा ) | १००० |
| २४ | औद्योगिक प्रयोजनको लागि (सानो) सर्जमिन दस्तुर ( घरेलु कार्यालयलाई सिफारिस गर्दा ) | ५०० |

| क्र. सं. | विवरण | आ.व.२०७४।०७५का **लागि स्वीकृत दर** |
|---|---|---|
| २५ | व्यवसायिक प्रयोजनको लागि (ठुला ) सर्जमिन दस्तुर ( घरेलु कार्यालयलाई सिफारिस गर्दा ) | ३०० |
| २६ | व्यवसायिक प्रयोजनको लागि (सानो) सर्जमिन दस्तुर ( घरेलु कार्यालयलाई सिफारिस गर्दा ) | २०० |
| २७ | अन्य सर्जमिन दस्तुर | १५० |
| २८ | अस्थायी ठेगाना प्रमाणित | २५० |
| ३० | मिलापत्र दस्तुर दस्तुर दुबै पक्षबाट | २०० |
| ३१ | छुट जग्गा दर्ता सिफारिस प्रती कट्ठा | ३०० |
| ३२ | अव्यवस्थित र सुकुम्वासी जग्गा दर्ता सिफारिस | ३०० |
| ३३ | सम्बन्ध विच्छेद सिफारिस | १०० |
| ३४ | राजीनामा/बकसपत्र दस्तुर | ६०० |
| | राजीनामा बकसपत्र सिफारिस २ कठ्ठा भन्दा बढी भएमा | १००० |
| ३५ | खरिद विक्री वडा १३,१४ ,१५ र१६ शत्तेकांडा (ग्रामिण क्षेत्र) | ४०० |
| ३६ | जग्गा मरुवा नामसारी सिफारिस | ३०० |
| ३७ | जग्गा सीमा विवादमा अमिन खटाई सिमांकन गर्नु पर्दा निवेदकले प्रति उजुरी तिर्नु पर्ने सेवा शुल्क | ६०० |
| | जग्गा प्लटिङ २ कठ्ठा सम्म | ५००० |
| | जग्गा प्लटिङ २ कठ्ठा भन्दा बढी भएमा प्रति कठ्ठा थप | १००० |
| ३८ | ***संस्था दर्ता तथा नवीकरणमा*** | |
| ३९ | नया दर्ता सिफारिसमा | ६०० |
| | नवीकरण सिफारिस | २५० |
| | आय स्रोत प्रमाणित सिफारिस | ०।०५ प्रतिशत |
| | ***निजी विद्यालय अप ग्रेड सिफारिस*** | |
| | आधारभूत तह सम्मका लागि | १५०० |
| | मा.वि. सम्मका लागि | २००० |
| | ब्यक्तिगत घटना दर्ता जन्म मृत्यु बसाई सराई ३५ दिनसम्म निःशुल्क त्यसपछि | ५० |
| | ब्यक्तिगत घटना दर्ता प्रमाणित | १५० |
| | ***उद्योग स्थापना सिफारिस*** | |
| | उद्योग नामसारी तथा ठाउसारी सिफारिस | ६०० |
| | पशु वस्तु र पंक्षी ( रांगा, भैसी, गोरु खसी )को निकासीको सिफारिस प्रति गोटा | ५० |
| | गैर सरकारी संघ, संस्था, क्लव, कम्प्युटर इन्टिच्युट ,आदिको सिफारिस | ६०० |
| | ***लोडर टिप्पर भाडा*** | |
| | प्रति घण्टा टिप्पर भाडा (फ्युल बाहेक ) | २५०० |

| क्र. सं. | विवरण | आ.व.२०७४।०७५का **लागि स्वीकृत दर** |
|---|---|---|
| | प्रति घण्टा लोडर भाडा (फ्युल बाहेक ) | ३००० |
| | सक्सन ट्यांकर भाडा न.पा बाहिर | ५००० |
| | सक्सन ट्यांकर भाडा न.पा क्षेत्र भित्र | ४००० |
| | घर नक्सापास नामसारि दस्तुर | ६०० |
| | घर खालि गराउदा प्रति दिन | ५०० |
| | **सरसफाइ सेवा शुल्क** (बजार क्षेत्रमा निजी क्षेत्रबाट हरेक दिन सेवा उपलब्ध गराउने स्थानमा न. पा. बोर्डबाट तोके बमोजिम | |
| | **दमकल सेवा शुल्क १००० वर्ग फिट सम्मको संरचना** | रु.५० |
| | **दमकल सेवा शुल्क १००१ देखि २००० वर्ग फिट सम्मको संरचना** | रु.१०० |
| | **दमकल सेवा शुल्क २०००१ वर्ग फिट देखि माथीका संरचना** | रु.२५० |
| | ***कान्जीहाउस दस्तुर*** | |
| | बंगुर प्रतिज्यान | ५०० |
| | घोडा , खच्चड प्रति ज्यान | २०० |
| | खसी बोका,बाख्रा | १०० |
| | गाई ,गोरु | ५० |
| | मथि उल्लेखित पशुका दुधे बच्चा सहित माउ आएमा बच्चाको दस्तुरमा ५० प्रतिशत कम हुने | |
| | हांस, कुखुरा | १० |
| | न.पा. हल भाडा (न.पा.को जेनेटर प्रयोग गर्नु पर्दा इन्धनको मूल्य आफै व्यहोर्नु पर्नेछ )<br>हल सफाइ | १०००<br>२०० |
| | ***सडक पिच तथा ग्राभेल कटिङ शुल्क*** | |
| | मुख्य बाटो पीच कटिङ शुल्क | ६००० |
| | सहायक बाटो पीच कटिङ शुल्क | ४००० |
| | ग्राभेल बाटो कटिङ शुल्क | ५०० |
| | कच्ची बाटो कटिङ शुल्क | ३०० |
| | वीरेन्द्रनगर नगरपालिकाको क्षेत्रभित्रको सडक किनारा, फुटपाथ, सार्वजनिक जग्गा, आदिमा नेपाल विद्युत प्राधिकरण, नेपाल टेलिकम, र केवुल लाइन आदिले पोल, क्याविनेट, तारवार, टान्सफरमर, आदि राखी तार लाइन विस्तारमा निम्न अनुसार वार्षिक शुल्क लिने | |
| | विद्युत सम्वन्धी | |
| | क. केन्द्रिय विद्युत लाइनको पोल एकको | १५०० |
| | ख. साधारण पोल एकको | ४०० |
| | ग. टान्सफरमर एकको | ८०० |

| क्र. सं. | **विवरण** | आ.व.२०७४।०७५का **लागि स्वीकृत दर** |
|---|---|---|
| | घ. तार लाइन एकको प्रतिमिटर | ०।०५ |
| | नेपाल टेलिकम | |
| | क.साधारण पोल एकको | ५० |
| | ख. तार लाइन एकको प्रतिमिटर | ०।०५ |
| | ग. क्याविनेट एकको | २०० |

**हटिया क्षेत्रका कोठाहरुको दर**

| कोठाहरु | आ.व.२०७३।०७४ को स्वीकृत दर | आ.व.२०७४।०७५ को स्वीकृत दर |
|---|---|---|
| मासु सेडका कोडा | १४५०।०० | १६००।०० |
| हटियाका वाहिरी कोठाहरु | १५००।०० | १६५०।०० |
| हटियाका भित्रीकोठाहरु | १४५०।०० | १६००।०० |
| हटिया गोदाम कोठा | ५५००।०० | ५५००।०० |
| | | |

**अनुसुची - १३**

**विविध**

यस ऐनमा नसमेटीएका र अन्य कानुनसंग नबाझिने गरि कर दस्तुर शुल्कको दररेट नगर कार्यपालिकाको निर्णय बमोजिम हुनेछ ।

हस्ताक्षरः

मितिः २०७४।०४।०१

नामथरः देव कुमार सुवेदी

पदः नगर कार्यपालिका प्रमुख